# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : २०८०/०८१
च.नं. : ——

फोन नं. ०१-४३१५७६६
मिति : २०८०/०७/२४


**मौलिक सिपमा आधारित व्यवसायसँग सम्बन्धित व्यक्ति, समुह वा संस्थाहरुले अनुदानका लागि निवेदन पेश गर्ने बारेको सूचना ।**

उपरोक्त विषयमा यस चन्द्रागिरि नगरपालिकाको आ.व. २०८०/८१ को लागि स्वीकृत कार्यक्रमबाट **मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन तथा अनुदान कार्यविधि, २०७९** बमोजिम कार्यविधिको अनुसूची-१ मा उल्लेख भएका व्यवसाय सञ्चालन गरिरहनु भएका व्यक्ति, समुह वा संस्थाहरुलाई अनुदान वितरण गर्ने कार्यक्रम रहेको हुँदा, २०८० मंसिर मसान्त भित्र कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरि नगरपालिकामा निवेदन पेश गर्नुहुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै यस भन्दा अगाडि अनुदान प्राप्त गरिसकेका अनुदानग्राहीहरुले यस आ.व.मा निवेदन पेश गर्न पाइने छैन।

**तपसिलः**

आवश्यक कागजातहरु:

१. व्यवसाय फर्म/समुह/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. समुह/संस्थाको निर्णय प्रतिलिपि (समुह वा संस्था भएमा) ।
४. वडा कार्यालयको सिफारिस पत्र ।
५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६. सदस्यहरुको विवरण फाराम (समुह वा संस्था भएमा) ।

२०८०/०७/२४

राजु बहादुर खड्का
आर्थिक विकास शाखा प्रमुख

**बोधार्थः**

श्री वडा कार्यालयहरु सबै,
आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

## अनुसूची-१
### (दफा २ को खण्ड (घ) सँग सम्बन्धित)
### अनुदान रकम उपलब्ध हुने व्यवसायहरु

| क.स. | विवरण |
|---|---|
| १. | परालको चप्पल, सुकुल, गुन्द्री र गलैचा बुन्ने |
| २. | काष्टकला |
| ३. | डोको, थुन्चे, डालो, नाङ्लो, सोली, ढकी, कोक्रो, पेरुङ्गो, मुढा बुन्ने, दुना टपरी गाँस्ने । |
| ४. | धुप बाट्ने, बत्ती काट्ने, थान्का बनाउने |
| ५. | नाम्लो, दाम्लो, बरियो बनाउने |
| ६. | आरण |
| ७. | तानाबाना, राडीपाखी र हाकु पटासी बुन्ने |
| ८. | छाला जुत्ता बनाउने |
| ९. | बेतबाँस उद्योग |
| १०. | क्रिस्टलको माला, पोते उन्ने |
| ११. | मखमली जुत्ता बनाउने |
| १२. | लाखामरी, चटामरी, वः (वारा), योमरी, सेलरोटी आदि कानूनले निषेध गरे वाहेकका मौलिक खाद्य वस्तु बनाउने |
| १३. | स्थानीय प्रजातिका पन्छी पालन |
| १४. | ढाकाको टोपी, दौरासुरुवाल, चौबन्दीचोलो सिलाउने सिलाई |
| १५. | मादल, बिनायो, बाँसुरी, मुरली, झ्याली, धिमे, खैंजडी उत्पादन गर्ने |
| १६. | माटाका भाँडा बनाउने |

| | |
|---|---|
| १७. | गुन्द्रुक, मस्यौरा, सिन्की, चाना बनाउने |
| १८. | कलात्मक मुर्ति बनाउने |
| १९. | हाते स्वीटर, टोपी, मोजा, स्कार्फ बुन्ने, टाई डाई |
| २०. | दही (जुजु धौं), घिउ, खुवा, मह, अचार, तिलौरी, चाकु, सख्खर, मिश्री उत्पादन गर्ने |
| २१. | अन्य स्थानीय मौलिक सिपमा आधारित उत्पादनहरु |
| २२. | १-२१ सम्म उल्लेखित व्यवसायहरुसँग सम्बन्धित तालिम सञ्चालन गर्ने |

## अनुसूची-२
### (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**श्री नगर प्रमुखज्यू,**
**चन्द्रागिरि नगरपालिका,**
**बलम्बु, काठमाडौं ।**

**विषयः मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०......../....../........ गते प्रकाशित सूचना बमोजिम म/हामी ......................................................... फर्म/समुह/संस्थाले मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम अन्तर्गत तपशिलमा उल्लेखित व्यवसाय संचालन गर्नको लागि यो निवेदन पेश गरेको/गरेका छु/छौं।

| सि.न. | कार्यक्रम/ व्यवसायको नाम | क्रियाकलापको विवरण | कूल अनुमानित लागत रु. | माग गरिएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु:**

१. व्यवसाय फर्म/समुह/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. कर चुक्ता प्रमाणपत्र
३. समुह/संस्थाको निर्णय प्रतिलिपि (समुह वा संस्था भएमा)
४. वडा कार्यालयको सिफारिस पत्र
५. नागरिकताको प्रतिलिपि
**६. सदस्यहरुको विवरण फारम (समुह वा संस्था भएमा)**

निवेदकको:
नाम, थर:
दस्तखत:

ठेगाना :
मोवाइल नं :

**संस्था वा समूह भए:**
संस्था वा समूहको नाम:
ठेगाना :
संस्थाको छाप: